वर्ष ६, अंक ८, मंसिर

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्




# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन



**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची


**प्रमुख सल्लाहकार**

प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**

प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली

प्र.ब.उ. बसन्त रजौरे

प्र.ब.उ. नबिन राज राई

**सम्पादक मण्डल**

प्र.ना.नि. गणेश बहादुर थिङ

प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**

प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**

प्र.ज. भावना चन्द



| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० –१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–१९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## मिसनमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



काठमाडौं, ६ मंसिर

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटि जानुभएका प्रहरी अधिकृतहरूलाई सफलतापूर्वक कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएकोमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो । प्रहरी नायब उपरीक्षक बसन्त कुमार शर्मा र प्रहरी नायब निरीक्षक संजिव तामाङ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मिशनबाट मिति २०८० कार्तिक १० गते गते नेपाल फिर्ता हुन भएको थियो । प्रहरी निरीक्षक मनिसा बुढाथोकी आवेई स्थित UNISFA (UNITED NATIONS INTERIM SECURITY FORCE FOR ABYEI) मिशन पुरा गरि मिति २०८० कार्तिक १६ गते आफ्नो कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएको थियो । उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरणका साथै आवश्यक निर्देशन समेत दिनुभएको थियो ।

## मिसनमा खटि जान लाग्नुभएका प्रहरी कर्मचारीको बिदाई कार्यक्रम सम्पन्न




***काठमाडौं, ६ मंसिर***

साईप्रस स्थित UNITED NATIONS PEACEKEEPING FORCE IN CYPRUS (UNFICYP) मिसनमा IPOs को रुपमा खटिई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक रविन्द्र मान गुरुङलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

## लैंगिक हिंसाको वर्तमान अवस्था र आगामी कार्य दिशा विषयक गोष्ठी कार्यक्रम सम्पन्न




**काठमाडौं, ८ मंसिर**

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले लैंगिक हिंसाजन्य कसूर सम्बोधनलाई शून्य सहनशीलताका साथ उच्च प्राथमिकतामा राखी पीडित तथा हिंसा प्रभावितको सेवामा कटिबद्ध रहनुपर्ने बताउनुभएको छ । नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित 'लैंगिक हिंसाको वर्तमान अवस्था, चुनौती र आगामी कार्यदिशा' विषयक एक दिवसीय गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले उक्त कुरा बताउनुभएको हो । सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले 'प्रहरी कर्मचारी संलग्न लैंगिक हिंसा विरूद्ध शून्य सहनशीलता र यसको प्रभावकारी कारवाही सम्बन्धी कार्य-आदेश, २०८०' मा हस्ताक्षर गरी शुभारम्भ गर्नुभयो । सम्बोधनकै क्रममा प्रहरी महानिरीक्षक कुँवरले लैंगिक हिंसाबाट पीडित तथा प्रभावित महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूमा न्यायको पहुँचको सुनिश्चितता, पीडितको उद्दार, पुनर्स्थापनाका साथै लैंगिक हिंसा न्यूनिकरण गर्ने लक्ष्यका साथ ईलाका स्तरसम्म महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरू स्थापना भई सेवा प्रवाह हुँदै आइरहेको बताउनुभयो । प्रविधिको विकास र आधुनिक समाजमा देखा परेका लैंगिक हिंसाका स्वरूप तथा प्रवृत्तिमा भइरहेको परिवर्तनले थपेका चुनौतिहरूलाई प्रविधिमैत्री तवरबाट समाधान गरी पीडितलाई न्याय प्रदान गर्न प्रयासहरू केन्द्रित भएको उहाँले बताउनुभयो । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले धन्यवाद मन्तव्य दिनुभएको थियो । उक्त गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक डा. मनोज कुमार केसीले स्वागत मन्तव्य तथा गोष्ठी सम्बन्धी जानकारी दिनुभएको थियो । प्रहरी उपरीक्षक रन्जु सिग्देलले लैंगिक हिंसाको वर्तमान अवस्था: तथ्य, चुनौति र आगामी कार्यदिशा सम्बन्धी प्रस्तुतीकरण

गर्नुभएको उक्त गोष्ठीमा गृह मन्त्रालयका उपसचिव राम बहादुर शाही, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका उपसचिव ममता बास्तोला, राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव नितु गर्तौला, राष्ट्रिय महिला आयोगका उपसचिव सिता अधिकारी र स्वास्थ्य सेवा विभागका उपसचिव शर्मिला पौडेलले आ-आफ्नो धारणा व्यक्त गर्दै लैंगिक हिंसा न्यूनिकरणमा सबै सरोकारवाला पक्षहरूको आपसी समन्वय र सहकार्य हुनुपर्ने धारणा राख्नुभएको थियो । यस कार्यादेशले प्रहरी कर्मचारी संलग्न भएका लैंगिक हिंसाको अनुसन्धान प्रभावकारी गर्न आवश्यक समय सिमा सहितको कार्यान्वयन विधि र समग्र लैंगिक हिंसाको रिपोर्टिङको निश्चित आधारहरू व्यवस्था गरी निरन्तर फलोअप गरी प्रभावकारी कारवाही गर्न प्रत्यक्ष नियमन गर्ने संयन्त्र स्थापना हुने उक्त अवसरमा जानकारी दिईयो । गोष्ठीमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख एवम् प्रतिनिधिहरू, संचारकर्मी लगायत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयद्वारा लैंगिक हिंसा विरूद्धको १६ दिने अभियानको पूर्व सन्ध्यामा उक्त गोष्ठीको आयोजना गरिएको हो । अन्तर्राष्ट्रिय नारा 'UNITE Invest to Prevent Violence against Women and girls' र 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म उक्त अभियान देशव्यापी रूपमा मनाउन लागिएको छ ।

## विदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, १४ मंसिर***

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताब खाना (प्रहरी) प्रशासन शाखा, लैचौरको च.नं. ६७९ मिति २०८०।०५।१३ गतेको पत्रानुसार प्रहरी नियमावली २०७१ (संशोधन सहित) को नियम १२७ को (१-क-३) बमोजिम मिति २०८०।०८।१५ देखि ५५ वर्ष उमेर पुरा भई उमेर हदको आधारमा अनिवार्य अवकाश हुन लाग्नु भएका नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक मोहन प्रसाद पोखरेलको विदाई कार्यक्रम सम्पन्न भयो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक मोहन प्रसाद पोखरेलले जागिरमा रहदा बस्दाको अनुभव व्यक्त गर्नुभएको थियो। उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो।

## इन्टरपोलको भिडियो प्रतियोगितामा नेपाल सर्वोत्कृष्ट




*काठमाडौं, १३ मंसिर*

इन्टरपोलद्वारा आयोजित INTERPOL 100 Global Video Contest for Young Police Leaders प्रतियोगितामा नेपाल प्रहरी सर्वोत्कृष्ट भएको छ । मंसिर १२ देखि अष्ट्रियाको भियनामा आयोजना भइरहेको इन्टरपोलको ९१औं महासभाको पहिलो दिन उक्त प्रतियोगितामा सहभागी इन्टरपोलका १९५ सदस्य राष्ट्रहरूमध्ये नेपाल सर्वोत्कृष्ट घोषित भएको हो । नेपाललाई प्रतिनिधित्व गर्दै नेपाल प्रहरीका प्रहरी निरीक्षक नारायण थापा र प्रहरी निरीक्षक उमेश गुरुङ श्रेष्ठद्वारा निर्माण गरिएको "Let's Save the Planet - INTERPOL 100" विषयक सूचनामूलक छोटो भिडियो सर्वोत्कृष्ट घोषणा भएको हो । भिडियोमा जलवायु परिवर्तन ,प्राकृतिक प्रकोप ,Artificial Intelligence का कारण भविष्यमा हुनसक्ने समस्याहरू समाधान गर्न र दिगो विकासको लक्ष्य प्राप्त गर्न UN को मुख्य साझेदारको रूपमा रहेको इन्टरपोलको अहम भूमिका हुने विषय समेटिएको छ। INTERPOL President Major General Dr. Ahmed Naser AL-RAISI बाट नेपाल प्रहरीलाई सम्मान स्वरूप प्रमाणपत्र प्राप्त भएको छ। इन्टरपोल स्थापनाको १०० वर्षलाई विशेष उत्सवको रूपमा मनाउन INTERPOL Innovation Centre द्वारा "How do you envisage INTERPOL connecting and empowering global law enforcement for a safer world in 2030" विषयमा आधारित रहि उक्त भिडियो प्रतियोगितामा सहभागी हुन सम्पूर्ण १९५ सदस्य राष्ट्रहरुलाई आह्वान गरिएको थियो। उक्त महासभामा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरसहितको नेपाली प्रतिनिधि मण्डल सहभागी रहेको छ।

## मिसनमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, २६ मंसिर***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित United Nations Organization Stabilization Mission in the Democratic Republic of the Congo (MONUSCO) मिसनमा प्रहरी नायब उपरीक्षक अंजली श्रेष्ठ र प्रहरी नायब उपरीक्षक एलिजा गिरी मिति २०७९ जेठ ९ गते खटि गई सफलता पुर्वक कार्यकाल सम्पन्न गरी मिति २०८० मंसिर १० गते स्वदेश फिर्ता हुनु भएकोमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो। उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।


## सम्मान कार्यक्रम सम्पन्न



*काठमाडौं, २५ मंसिर*

इन्टरपोलद्वारा आयोजित प्रतियोगितामा सर्वोत्कृष्ट सूचनामूलक छोटो भिडियो निर्माण गर्ने प्रहरी निरीक्षकद्वय नारायण थापा र उमेश गुरुङ श्रेष्ठ तथा सगरमाथामा नेपालको राष्ट्रिय झण्डा, इन्टरपोलको झण्डा र नेपाल प्रहरीको झण्डा फहराउन सफल प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपाली नेपाल प्रहरी पूर्व संगठन प्रमुख मञ्चद्वारा सम्मानित हुनुभएको छ। उक्त मञ्चद्वारा नेपाल पुलिस क्लब भृकुटीमण्डपमा आयोजित कार्यक्रममा उहाँहरूलाई सम्मान गरिएको हो। कार्यक्रममा मञ्चका अध्यक्ष पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहराले प्रहरी निरीक्षकद्वयको सम्मान पत्र प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई हस्तान्तरण गर्नुभयो भने प्रहरी वरिष्ठ नायव निरीक्षक नेपालीलाई समेत सम्मान गर्नुभयो। कार्यक्रममा पूर्व प्रहरी महानिरीक्षक बोहराले नेपाल प्रहरीले इन्टरपोलमा प्राप्त गरेको यस ऐतिहासिक उपलब्धीले पूर्व प्रहरीहरूको समेत गौरव बढेको बताउनुभयो। यस्ता अभिनव सोच र साहसिक कार्यहरुले अन्य प्रहरी कर्मचारीहरूलाई समेत प्रोत्साहन मिल्ने चर्चा गर्दै यसले नेपाल प्रहरीलाई महत्वपूर्ण कार्यहरू जिम्मेवारीका साथ बहन गर्न थप हौसला र प्रेरणा मिलोस भन्ने कामना गर्नुभयो। उक्त अवसरमा प्रहरी महानिरीक्षक कुँवरले धन्यवाद ज्ञापन गर्दै इन्टरपोलको शताब्दी वर्षको अवसरमा नेपाल प्रहरीले नेपालको प्रतिनिधित्व गरेर नेपाल र नेपालीको सम्मान बढाउन सफल भएको बताउनुभयो। यस सिर्जनशील कार्यमा पूर्व प्रहरी कर्मचारीहरूको समेत योगदान रहेको चर्चा गर्दै यस उपलब्धीले अन्तर्राष्ट्रिय प्रहरी समन्वयलाई नयाँ शिखरमा पुऱ्याएको र आगामी दिनमा अन्तर्राष्ट्रिय समन्वय थप प्रभावकारी रुपमा गर्न सहज हुने उहाँले उल्लेख गर्नुभयो। सम्मानित हुने प्रहरी निरीक्षकद्वय नारायण थापा र उमेश गुरुङ श्रेष्ठद्वारा नेपाललाई प्रतिनिधित्व गर्दै निर्माण गरिएको "Let's Save the Planet - INTERPOL 100" विषयक सूचनामूलक छोटो भिडियो इन्टरपोलद्वारा आयोजित INTERPOL 100 Global Video Contest for Young Police Leaders प्रतियोगितामा सहभागी इन्टरपोलका १९५ सदस्य राष्ट्रहरूमध्ये नेपाल सर्वोत्कृष्ट घोषित भएको थियो। यसैगरी सम्मानित हुने प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपाली इन्टरपोल स्थापनाको १०० वर्षको अवसरमा नेपालको तर्फबाट विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी चुचुरोमा नेपालको राष्ट्रिय झण्डा, इन्टरपोलको झण्डा र नेपाल प्रहरीको झण्डा फहराउन सफल हुनुभएको थियो। सम्मान कार्यक्रममा अवकाश प्राप्त प्रहरी महानिरीक्षकहरू लगायत प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति युएईबाट पक्राउ





*काठमाडौं, ३० मंसिर*


ठगी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका सर्लाही साबिक जानकीनगर गाविस-७ का कोमल राज उपाध्याय पक्राउ परेका छन्। एनसिबि अबुधावीको समन्वयमा दुबईको यूएईमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। उपाध्याय समेत संचालक रहेको 'TRINETRA Management Consultancies, Khalid Bin Al Waleed Road, ALRaffa, Dubai' ले यूएईस्थित दुबईमा आर्म्स गार्ड, डिपिएस सेक्युरिटीमा आकर्षक तलब र सुविधा सहितको रोजगारी दिने प्रलोभन देखाई भिजिट भिसा मार्फत दुबई बोलाएको, रोजगारीको लागि भन्दै आफूहरूबाट रकम लिएको तर भने बमोजिम रोजगारीमा नलगाई ठगी गरेको भन्दै ५१ जना पीडितहरूले उनी विरूद्ध जाहेरी दरखास्त दिएका थिए। प्रतिवादीहरू विरूद्ध नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोमा ठगी सम्बन्धि कसूरमा मुद्दा दर्ता भई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०७९ वैशाख २७ गते रेड नोटिस जारी भएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको मंसिर महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (असोज-मंसिर)




## त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या (असोज-मंसिर)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ मंसिर सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ मंसिर)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ मंसिर)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ मंसिर)





## २०८० मंसिर महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० मंसिर महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० मंसिर महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० मंसिर महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५३ | १४ वर्ष २ महिना १९ दिन | ५८५४३६० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १६६ | १०६ वर्ष ५ महिना २१ दिन | ६९४९०८४७६ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३७६ | ५३ वर्ष ११ दिन | १५५३८०३ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २०७ | ४१ वर्ष १ महिना २० दिन | २५८६८५६ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ६२ | २७ वर्ष ६ महिना २ दिन | २१६६८३ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १६१ | ८७ वर्ष ५ महिना | ३९४५७२५ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १३ | २९ वर्ष १ महिना | १६८९००० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७ | १ वर्ष ९ महिना १२ दिन | ५००० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ६ | १८ वर्ष २८ दिन | ९६१०००० |
| | **जम्मा** | **१०५१ जना** | **३७६ वर्ष २९ महिना ११३ दिन** | **रु.७२०३६९९०३** |

## २०८० मंसिर महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० कार्तिक र मंसिर महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० मंसिर महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० मंसिर महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | १०३८२४ | ८१६०८ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २८२ | २८८ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | ४८६ | ४५६ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३४ | ३४ |
| ५ | औंठाछाप प्रमाणिकरण | २४७ | २४७ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | २ | २ |
| | **जम्मा** | १०४८७५ | ८२६३५ |

# सामुदायिक प्रहरी गतिविधि

२०८० मंसिर महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







*जिल्ला प्रहरी कार्यालय रुपन्देही बृक्षारोपण कार्यक्रम:*

# आसरा सुधार केन्द्र

## २०८० मंसिर महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## मंसिर महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ०५ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २३ जना |
| ३. | हराएका विदेशी नागरिक | ० जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ११,००२ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०१ जना |

# खोजतलास तथा समन्वय

## २०८० मंसिर महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## मंसिर महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८० सालको मंसिर महिनामा बिभिन्न १७ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतिय कसूर, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी, सुन तस्करी) अन्तर्गत ४६ वटा मुद्दाको २७१ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ मंसिर महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/०८/०१ गतेदेखि २०८०/८/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५२४** केशहरु र **४११९** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **४८१** केशहरु र **३३५६** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८०/०८/०१ गते देखि २०८०/०८/३० गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१८२०** DATA Entry भएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०८/०१ गते देखि २०८०/०८/३० गते** सम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२१६** केशहरुको **८८६** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१७०** केशहरुको **५५०** नमूनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/०८/०१ गते देखि २०८०/०८/३० गते सम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६७** केशहरुको **१८६** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१५६** केशहरुको **४६२** नमूनाहरु परीक्षण गरिएको ।

## केनाईन महाशाखा, महाराजगञ्ज

**<u>२०८० मंसिर महिनामा परिचालित संख्या</u>**






***कार्यालयको रोय नामको कुकुरद्वारा डेमोस्टेसन गर्दै । नमस्ते पोजिसन***

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### खुकुरी प्रहार गरी फरार रहेका राना पक्राउ

***बाँके, १ मंसिर***

धारिलो हतियार खुकुरी प्रहार गरी फरार रहेको अभियोगमा बैजनाथ गाउँपालिका-१ चिसापानी घर भई हाल कोहलपुर नगरपालिका-११ बस्ने ३० वर्षीय आकाश रानालाई प्रहरीले पक्राउ गरेको छ। कोहलपुर नगरपालिका-१२ चप्परगौडी बस्ने २९ वर्षीय मिन बहादुर बिकलाई राना लगायतका व्यक्तिहरूले कात्तिक ३० खुकुरी प्रहार गरी फरार भएका थिए। फरार व्यक्तिहरूको खोजी गर्ने क्रममा प्रहरी टोलीले जानकी गाउँपालिका-४ स्थित खेतको अरहर घारीमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिन खोज्दा प्रहरीलाई धकेली भाग्दै गर्दा प्रहरीले फायर गरी उनलाई नियन्त्रणमा लिएको हो। घुँडामा गोली लाग्न गई घाइते भएका रानाको भेरी अस्पताल नेपालगञ्जमा उपचार भइरहेको छ। रानाविरुद्ध कात्तिक २८ गते १० वर्षीया बालिकालाई जबरजस्ती करणी उद्योग गरेको जाहेरी समेत दर्ता भएको र २०७४ असोज २७ गते जिल्ला अदालत बाँकेको आदेशले लागू औषध ब्राउनसुगर मुद्दामा कैद सजाय भई २०७९ भदौ २७ गते कैदमुक्त भएको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हजुरबुवाको हत्या अभियोगमा पक्राउ

***पर्सा ,११ मंसिर***

आफ्नै हजुरबुवा ठोरी गाउँपालिका-२ डाँडाटोल बस्ने ८५ वर्षीय लक्ष्मण तामाङको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३५ वर्षीय कृष्ण खड्कालाई प्रहरीले गरेको छ। कृष्ण लक्ष्मणको छोरीपट्टीको नाती हुन्। आफ्नै आँगनमा लट्ठीले कोदो चुटिरहेको अवस्थामा लक्ष्मणले लट्ठी मागेको कारण कृष्णले लट्ठी प्रहार गर्दा गम्भीर घाइते भएका लक्ष्मणको स्वास्थ्य चौकी ठोरीमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्याल ठोरीबाट खटिएको प्रहरीले जंगलमा लुकिछीपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनसुन्धान गरिरहेको छ।

### कुटपिट बाट मृत्यु, कुटपिटमा संलग्न ७ जना नियन्त्रणमा

***कैलाली, १३ मंसिर***

घोडाघोडी नगरपालिका-२ बस्ने २६ वर्षीय मोहन अधिकारीको कुटपिटबाट मृत्यु भएको छ। कुटपिटमा संलग्न रहेको अभियोगमा लम्कीचुहा नगरपालिका-९ घोराघाट बस्ने २३ वर्षीय विवेक भुल समेत ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। लम्कीचुहा नगरपालिका-९ घोराघाटस्थित आफन्तको विवाहमा आएका मोहनलाई विवेक लगायतका व्यक्तिहरूले कुटपिट गर्दा गम्भीर घाइते भई उपचारको लागि लालरत्न अस्पताल हुँदै टिकापुर अस्पताल कैलाली लगिएकोमा थप उपचारको क्रममा मृत्यु भएको थियो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### काकाको हत्या अभियोगमा पक्राउ

***बाग्लुङ, १८ मंसिर***

बडीगाड गाउँपालिका-१० चैते बस्ने आफ्नै काका ४० वर्षीय लालमन बिकको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३३ वर्षीय हिरालाल बिकलाई प्रहरीले पक्राउ गरेको छ। हिरालालले सामान्य विवाद हुँदा कोदालोले टाउकोमा प्रहार गर्दा लालमानको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय भिमगिठ्ठे र ईलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमानको हत्या गरेको अभियोगमा श्रीमती पक्राउ

***उदयपुर, १९ मंसिर***

आफ्नै श्रीमान ६० वर्षीय श्याम कुमार राईको हत्या गरेको अभियोगमा त्रियुगा नगरपालिका-५ दमौटी सुक्लाई बस्ने ४० वर्षीया निर कुमारी राईलाई प्रहरीले पक्राउ गरेको छ। श्याम गत शनिबार साँझदेखि हराई बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरीले खोजी तथा अनुसन्धान गर्ने क्रममा निर कुमारीले घरायसी बिवादको कारण श्यामको घाँटी थिची हत्या गरेको खुल्न आएपछि उनलाई पक्राउ गरेको हो। साथै हत्या गरी घर नजिकै जंगलमा माटोले पुरि स्याउलाले छोपिएर राखेको अवस्थामा उनको शव फेला परेको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका प्रतिवादी १४ वर्षपछि पक्राउ

***बाँके, २१ मंसिर***

कर्तव्य ज्यान मुद्दाका प्रतिवादी नेपालगंज उपमहानगरपालिका-२२ बस्ने ५५ वर्षीय मोहमद् हाफिम खाँलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत बाँकेको २०६६ असार २२ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा १८ वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत बाँकेमा बुझाइएको छ।

### बुवाको हत्या अभियोगमा पक्राउ

***चितवन, २७ मंसिर***

आफ्नै बुवा ४१ वर्षीय रामशरण चेपाङको हत्या गरेको अभियोगमा ईच्छाकामना गाउँपालिका-३ चुम्लिङटार बस्ने २१ वर्षीय सुनिल चेपाङलाई प्रहरीले पक्राउ गरेको छ। सुनिलले सामान्य बादबिबाद हुँदा ढुङ्गाले प्रहार गर्दा गम्भीर घाइते भएका रामशरणको भरतपुर सरकारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। ईलाका प्रहरी कार्यालय मुग्लिङ र अस्थायी प्रहरी पोष्ट फिस्लिङबाट खटिएको प्रहरीले सुनिललाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***ललितपुर, ५ मंसिर***

ललितपुर महानगरपालिका-१८ भैसेपाटी बिनायक कोलनी बस्ने कामेश्वर यादबको घरबाट नगद २ लाख रूपैयाँ, अमेरीकी डलर, भारतीय रुपैँया र विभिन्न सुनका गहना गरी करिब १६ लाख ८१ हजार ४ सय ८४ रुपैँया बराबरको धनमाल चोरी भएको छ। घरमा कोही नभएको अवस्थामा अपरिचित व्यक्तिले मुल गेटको ताला फोडेर चोरी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग बुंग्मतीबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## पोर्चुगल पठाईदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं ,११ मंसिर***

वैदेशिक रोजगारीको लागि पोर्चुगल पठाइदिन्छु भन्दै १० लाख रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ गोंगबु बस्ने रोल्पा गंगादेव गाउँपालिका-३ घर भएका ३९ वर्षीय निमराज डाँगीलाई प्रहरीले पक्राउ गरेको छ। डाँगीले १ जनालाई वैदेशिक रोजगारीको लागि पोर्चुगल पठाई प्रतिष्ठित होटलमा मासिक १ लाख २० हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक पटक गरी उक्त रकम ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौंको गोंगबुबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ।

## महिलाको हत्या गरी सुनका गरगहना लुटपाट तथा किनबेचमा संलग्न ६ जना पक्राउ

***कञ्चनपुर, ७ मंसिर***

शुक्लाफाँटा नगरपालिका-७ शान्तिपुर बस्ने ६५ वर्षीया नारुदेवी जोशीको हत्या गरी मृतकको सुनका गरगहना लुटपाट तथा लुटिएका गहना किनबेचमा संलग्न रहेको अभियोगमा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा शुक्लाफाँटा नगरपालिका-७ झण्डाभोज बस्ने २८ वर्षीय महेश डगौरा, कैलाली धनगढी उपमहानगरपालिका-१३ कैलाली गाउँ बस्ने ३५ वर्षीय लक्ष्मण चौधरी, ३२ वर्षीय निरज भट्ट, धनगढी उपमहानगरपालिका-१ बस्ने २८ वर्षीय ईन्द्र बराल सुनार, ४३ वर्षीय खगेन्द्र बहादुर सोव र सोही उपमहानगरपालिका-४ बस्ने ४० वर्षीय दिपेन्द्र सिजापती रहेका छन् । उनीहरूमध्ये महेश डगौराले हत्या गरी सुनका गहना लुटेको, लक्ष्मण चौधरी र निरज भट्ट सुनका गहना बिक्री गर्ने तथा न्यू बर्दादेवी सुनचाँदी पसलका संचालक ईन्द्र बराल सुनार, न्यू दिया सुनचाँदी पसलका संचालक खगेन्द्र बहादुर सोव र सुजल सुनचाँदी पसलका संचालक दिपेन्द्र सिजापतीले उक्त सुनका गहना खरिद गरेको खुल्न आएको छ । नारुदेवी जोशी कात्तिक १९ गते दिउँसो घास काट्न भनि आफ्नो घर नजिक मध्यवर्ती सामुदायिक वनतर्फ गएकोमा घरमा फर्कि नआएछि खोजी गर्ने क्रममा कात्तिक २० गते उक्त वनमा शव फेला परेको थियो । घटनाको अनुसन्धानको क्रममा महेश डगौरालाई झलारी बजारबाट मंसिर १ गते प्रहरीले पक्राउ गरेको थियो । महेशले मध्यवर्ती सामुदायिक वनको गेटबाट भित्रतर्फ गइरहेको अवस्थामा नारूदेवीसँग घाँस काटिदिन्छु भनि हँसिया मागी सो हँसिया केहि टाढा फाली उनकै चुन्नी जस्तो कपडाले घाँटि कसी हत्या गरेको र मृतकको दुवै कानमा रहेका मुन्द्रा, नाकमा लगाएको फुली लुटेको अनुसन्धानको क्रममा खुल्न आएको छ। साथै लुटिएका सुनका गहना समेत तीन वटै पसलबाट प्रहरीले बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## १० लाख रूपैयाँ बराबरको धनमाल चोरी

***काठमाडौं, १२ मंसिर***

काठमाडौं महानगरपालिका-१३ सोल्टीमोड बस्ने ३५ वर्षीय गौतम साहको ईलोक्टमा ट्रेनी कम्पनीको गोदामबाट केवल स्केट २ सय किलोग्राम, कपर बायल ७० किलोग्राम, सेपटी बोलट १० पिस, टपुरिया कटर १० पिस, चौनपुली ३ पिस, सुईच गेयर बस्स समेत गरी करिब १० लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## सुन तथा चाँदीका गहना चोरी

***ललितपुर, १८ मंसिर***

ललितपुर महानगरपालिका-२ सानेपा डेरा गरी बस्ने खोटाङ घर भएकी ३४ वर्षीया सुप्रिया राइको कोठाबाट करिब २४ लाख १६ हजार रूपैयाँ मूल्य बराबरको सुन तथा चाँदीका गहना चोरी भएको छ। घरमा कोही नभएको अवस्थामा मूल गेटको ढोका फोडी करिब २० तोला सुनका गहना र ६३ तोला चाँदीका गहना गरी उक्त रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## माल्टा पठाईदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २२ मंसिर***

वैदेशिक रोजगारीको लागि माल्टा पठाइदिन्छु भन्दै ७ लाख ५ हजार रूपैयाँ ठगी गरेको अभियोगमा जुम्ला हिमा गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-डल्लु बस्ने ३३ वर्षीय धर्मेन्द्र शाहीलाई प्रहरीले पक्राउ गरेको छ। शाहीले २ जनालाई वैदेशिक रोजगारीको लागि माल्टा पठाई प्रतिष्ठित होटलमा मासिक १ लाख १० हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक पटक गरी उक्त रकम ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई ललितपुर जावलाखेलबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, ३ मंसिर***

१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बारबर्दिया नगरपालिका-८ औरी बस्ने २५ वर्षीय लक्ष्मण थारूलाई प्रहरीले पक्राउ गरेको छ। थारूले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बनियाभारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा एक जना पक्राउ

***बर्दिया, ५ मंसिर***

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा गेरुवा गाउँपालिका-६ सोनाहफाँट बस्ने ४० वर्षीय प्रकाश खवासलाई प्रहरीले पक्राउ गरेको छ । खवासले ती किशोरीलाई ललाई फकाई कात्तिक २८ गते राति सोही ठाउँस्थित खाली गोठमा तथा विभिन्न मिति र स्थानमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी मनाउँबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***झापा, १५ मंसिर***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मेचिनगर नगरपालिका-६ बर्मेली टोल बस्ने ३४ वर्षीय जगत मणी आचार्यलाई प्रहरीले पक्राउ गरेको छ। आचार्यले ती बालिकालाई गत मंसिर ८ गते आफ्नै घरमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय काकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा जगत मणीको दाइ ३७ वर्षीय बाल कुमार आचार्यले ती बालिकालाई ललाई फकाई आफ्नो भाइलाई भेटाएको भन्ने खुल्न आएपछि उनलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बैतडी, १६ मंसिर***

१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा पाटन नगरपालिका-३ गुजौड बस्ने २१ वर्षीय राजेश लुहारलाई प्रहरीले पक्राउ गरेको छ । लुहारले ती किशोरीलाई मंसिर १० गते राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय पाटनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सम्बन्धी

### एक सय ७७ पिस नियन्त्रित लागूऔषध नाईट्राभेटसहित एक जना पक्राउ

***कास्की, १० मंसिर***

पोखरा महानगरपालिका-३० पावरहाउस चोकबाट नियन्त्रित लागूऔषध नाईट्राभेट १ सय ७७ पिससहित पर्सा ठोरी गाउँपालिका-३ बस्ने २० वर्षीय विशाल दिसवा थारूलाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले पोखरातर्फ जाँदै गरेको हाईसमा सवार उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ९१ केजी ५१५ ग्राम अवैध लागूऔषध गाँजासहित ३ जना पक्राउ

***बझाङ, १२ मंसिर***

खप्तडछान्ना गाउँपालिका-७ गोर्खाली बस्ने ६४ वर्षीय खडक खड्काको घरबाट अवैध लागूऔषध गाँजा ९१ केजी ५ सय १५ ग्रामसहित खड्का समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने अन्य २ जनामा गोरखा अजिरकोट गाउँपालिका-२ बस्ने ३८ वर्षीय सन्तोस गुरूङ र पर्सा सुकौली पटौली गाउँपालिका-९ लक्ष्मीपुर बस्ने ५५ वर्षीय राम बहादुर गुरूङ रहेका छन् ।जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको प्रहरीले उक्त घर तलासी गर्दा उक्त परिमाणको गाँजा, प्लाष्टिकको बाटा ५ थान, डिजिटल तराजु १ थान, कैंची २ थान, ब्लेड १ थान, कार्टुन टेप ३ थान, ब्रस १ थान, रबर पोका १ थान लगायतका सरसामानहरूसहित उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषधसहित दुई जना पक्राउ

***बझाङ, १३ मंसिर***

दुर्गाथली गाउँपालिका-४ आमरुखबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ ६ केजी ६० ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा केदारस्यूँ गाउँपालिका-९ बस्ने २९ वर्षीय प्रेम बहादुर बोहरा र सोही गाउँपालिका-८ बस्ने २८ वर्षीय सुनिल बोहरा रहेका छन् । ईलाका प्रहरी कार्यालय दुर्घाथलीबाट खटिएको प्रहरीले सु ०१००९.प्र.प.प १४४० नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उनीहरुलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चरेश र अफिमसहित दम्पती पक्राउ

***बाँके, १७ मंसिर***

कोहलपुर नगरपालिका-८ पिपिरीबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ १२ केजी ७ सय ४ ग्राम र अफिम जस्तो देखिने पदार्थ २ केजी ४५ ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४० वर्षीय रेवन्त राना र उनकै श्रीमती ३३ वर्षीया कबिता थापा रहेका छन् । उनीहरुले लागूऔषध कारोबार गर्ने गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूको घर, कार तथा सोही ठाउँस्थित यज्ञ रानाको खाली घरमा समेत उनीहरूले लुकाई राखेको उक्त परिमाणको लागूऔषधसहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### १५ किलो अवैध लागूऔषध गाँजा बरामद

***धनकुटा, २४ मंसिर***

साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोकबाट अवैध लागूऔषध गाँजा करिब १५ किलो प्रहरीले बरामद गरको छ । धनकुटाबाट धरानतर्फ जाँदै गरेको बीआर ३८ एएस ६८०८ नम्बरको भारतीय कारमा सवार चालक समेत ३ जना प्रहरीलाई देखी फरार भएपछि ईलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा कारमा उक्त गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार उनीहरुको प्रहरीले खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ७४ किलो अवैध गाँजासहित ५ जना पक्राउ

***काठमाडौं, २५ मंसिर***

मकवानपुरबाट ७३ किलोग्राम र पाल्पाबाट १ किलोग्राम गरी जम्मा ७४ किलोग्राम अवैध लागूऔषध गाँजासहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट पक्राउ पर्नेमध्ये भारत मोतिहारी बस्ने २४ वर्षीय भुषन कुमार र १५ वर्षीय किशोर रहेका छन् । डिएल ४३ एनबी ५९९४ नम्बरको भारतीय गाडीमा सवार उनीहरूलाई ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले गाँजा करिब ४७ केजीसहित पक्राउ गरेको हो । यसैगरी मकवानपुर हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित चुरियामाई मन्दिर नजिकबाट पक्राउ पर्नेमा चितवन भरतपुर नगरपालिका-२७ बस्ने ४२ वर्षीय रोशन दमाई र खैरहनी नगरपालिका-१६ बस्ने ५२ वर्षीय डियन महतो रहेका छन् । बा.१४ प ३७०८ नम्बरको कारमा सवार उनीहरुलाई प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले करिब २६ केजीसहित पक्राउ गरेको हो । यसैगरी पाल्पा, रैनादेवी छहरा गाउँपालिका-७ जोगदमारबाट पक्राउ पर्नेमा रूपन्देही सैनामैना नगरपालिका-९ बस्ने २२ वर्षीय दिपक सुनार रहेका छन् । उनलाई अस्थायी प्रहरी पोष्ट बेलबासबाट खटिएको प्रहरीले अवैध लागूऔषध गाँजा करिब १ केजीसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### १० किलो अवैध गाँजासहित युवक पक्राउ

***मकवानपुर, २९ मंसिर***

हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा करिब १० किलोग्रामसहित बारा जितपुर सिमरा उपमहानगरपालिका-१७ रामनगर बस्ने २२ वर्षीय श्रवण कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा झोलामा बोकी रहेको अवस्थामा उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट ११ जना पक्राउ

***काठमाडौं, ३० मंसिर***

कपिलवस्तु, बाणगंगा नगरपालिका-२ पिपरा डेरा गरी बस्ने नवलपरासी देवचुली नगरपालिका-२ बस्ने २३ वर्षीय मुक्ति प्रसाद खनाल समेत ६ जनालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७ सय १० मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ, नगद ३ लाख ८ हजार ८४० रूपैयाँ, मोवाइल ९ थान, सुनको जस्तो देखिने धातुको सिक्री १ थान, माईली तिलहरी १ थान, घण्टी माला १ थान, सुनको जस्तो देखिने औंठी १ थान, चाँदीको जस्तो देखिने धातुको बाला १ थान, पाउजु १ जोडी फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले लु.३९ प ८२८२ नम्बर र लु.३६ प ३९१९ नम्बरका २ वटा मोटरसाइकल समेत बरामद गरेको छ । कैलाली, टीकापुर नगरपालिका-१ ब्लक नम्बर ७ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय ३० मिलिग्रामसहित सोही ठाउँ बस्ने २६ वर्षीय शंकर खत्रीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यसैगरी कैलाली लम्कीचुहा नगरपालिका-५ चौरी बस्ने १९ वर्षीय कमल रावललई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ७० मिलिग्रामसहित ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको ।

# अन्य अपराध

## स्रोत नखुलेको १५ लाख ८४ हजार रूपैयाँसहित एक जना पक्राउ

***काठमाडौं ,११ मंसिर***

काठमाडौं महानगरपालिका-१४ बल्खुबाट स्रोत नखुलेको रकम १५ लाख ८४ हजार ५ सय रूपैयाँसहित काठमाडौं सतुङगल डेरा गरी बस्ने भारत मोतिहारी घर भएका २२ वर्षीय हामित खानलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग बल्खुबाट खटिएको प्रहरीले बा०प्र.२ प १७-९७५१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त रकमसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनसुन्धान गरिरहेको छ ।

## ६ थान नक्कली नोटसहित एक जना पक्राउ

***काठमाडौं, १३ मंसिर***

काठमाडौं महानगरपालिका-३१ शंखमुलबाट १ हजार दरको नोट ५ थान र ५ सय दरको नोट १ थान गरी जम्मा ६ थान नक्कली जस्तो देखिने नोटसहित धादिङ गजुरी गाउँपालिका-४ घर भई काठमाडौं शंखमुल बस्ने २३ वर्षीय सन्तोष चेपाङलाई प्रहरीले पक्राउ गरेको छ । उक्त ठाउँस्थित खाजा घरमा नक्कली जस्तो देखिने नोट बोकेको मानिस रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बानेश्वरबाट खटिएको प्रहरीले चेपाङलाई तलासी गर्दा उनको साथबाट उक्त नोट फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## मानव बेचबिखनमा संलग्न महिला पक्राउ

***काठमाडौं, १६ मंसिर***

मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा बाँके बैजनाथ गाउँपालिका-८ की ३९ वर्षीया मुना ठकुरी भन्ने मुना कुमारी मल्ल पक्राउ परेकी छन् ।सुर्खेत, दैलेख लगायतका पहाडी जिल्लाबाट महिलाहरूलाई भारतमा आकर्षक रोजगारीको प्रलोभन देखाई नयाँ दिल्लीस्थित यौन गतिविधि हुने केन्द्रमा लगि बेचबिखन गरेको भन्ने उजुरीको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय बाँकेको समन्वयमा उक्त कार्यमा संलग्न मुना कुमारीलाई बाँके नेपालगंजबाट पक्राउ गरेको हो ।मुना कुमारीले भारतमा घरको सरसफाईमा राम्रो कमाई हुने प्रलोभन देखाई महिलाहरूलाई नेपालबाट लैजाने गरेको, आर्थिक अवस्था कमजोर भएका, कम पढेलेखेका एकल महिलाहरूलाई टार्गेट बनाउने गरेको तथा भारतको नयाँ दिल्लीमा सञ्चालित यौन गतिविधि हुने केन्द्रमा एक जना नाबालिका सहित २ जना युवतीलाई बेचबिखन गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ ।उनी उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

## नाबालिकालाई यौन क्रियाकलापमा लगाएको अभियोगमा महिला पक्राउ

***काठमाडौं, १८ मंसिर***

नाबालिकाहरूलाई यौन क्रियाकलापमा लगाएको अभियोगमा एक महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा काठमाडौं नयाँ बसपार्क बस्ने तनहुँ भिमाद घर भएकी २५ वर्षीया सपना तामाङ भन्ने पुजा राना रहेकी छन् । नयाँ बसपार्क तथा कलंकीका विभिन्न होटल तथा गेष्ट हाउसहरूमा नाबालिकाहरुलाई विभिन्न प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने गरेको सूचनाका आधारमा मानव बेचबिखन अनुसन्धान व्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई नयाँ बसपार्कबाट पक्राउ गरेको हो । साथै उक्त व्यूरो र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत संस्था समेतको संयुक्त टोलीले कलंकीबाट १ जना र नयाँ बसपार्कबाट २ जना गरी ३ जना नाबालिकाको उद्दारसमेत गरेको छ । अभियुक्तले नाबालिकाहरुलाई विभिन्न काममा लगाई दिने, आकर्षक तलब सुविधा दिने प्रलोभनमा पारि बोलाई आफ्नो तथा अन्य होटल र गेष्टहाउसहरूमा समेत पठाई विगत १० महिनादेखि जबरजस्ती शारीरिक सम्पर्क राख्न बाध्य पारेको अनुसन्धानबाट खुल्न आएको छ । उनीउपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

## १ थान पेस्तोल र २० थान गोली सहित ३ जना पक्राउ

***मकवानपुर, २३ मंसिर***

हेटौंडा उपमहानगरपालिका-१० बाट १ थान पेस्तोल र २० थान गोलीसहित सोही उपमहानगरपालिका-९ बस्ने ३३ वर्षीय निश्चल पौडेल, ३५ वर्षीय गणेश घले र ३० वर्षीय प्रितम क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।सोही उपमहानगरपालिका-९ स्थित सूर्य प्रसाद पौडेलको घरमा मंसिर १८ गते गोली प्रहार भएको घटनाको अनुसन्धानको क्रममा घटनामा उनीहरूको संलग्नता खुल्न आएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै उनीहरूबाट हतियार सफा गर्ने रड १ थान, लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम ४ सय मिलिग्राम, लागूऔषध तौल गर्ने डिजिटल तराजु २ थान, मोटरसाइकल २ थान, मोबाइल ५ थान, नगद ५० हजार रूपैयाँ र घटनामा प्रयोग भएको कपडा १ थानसमेत प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा प्रहरी आवश्यक अनुसन्धान गरिरहेको छ ।

## रक्तचन्दन जस्तो देखिने काठसहित एक जना पक्राउ

***काठमाडौं, ३० मंसिर***

काठमाडौं महानगरपालिका-१५ स्वयम्भूस्थित कारखाना चोकबाट ५ सय ८० ग्राम रक्तचन्दन जस्तो देखिने काठसहित भारत मोतिहारी घर भई हाल काठमाडौं महानगरपालिका-८ पशुपति बस्ने २२ वर्षीय नवउदिन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले दिल्लीबाट काठमाडौं चल्ने मन्जुश्री यातायातको बा.४ ख २३८९ नम्बरको बसलाई जाँच गर्ने क्रममा चौधरीको साथबाट उक्त काठ फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०७।१० गते विहानको अं.०२:०० बजेको समयमा जिल्ला सोलुखुम्बु थुलुङदुधकोशी गा.पा. वडा नं.९ लोखिम बस्ने बर्ष ४० की (फरक क्षमता भएको) सुस्म श्रावण भएकी परिवर्तित नाम (थुलुङदुधकोशी ज.१) लाई ऐ.ऐ. बस्ने बर्ष २८ को बसन्त राईले निज पीडित सुतिरहेको ओछ्यानमा गई मुख समेत थुनी जबरजस्ती करणी गरेको भन्ने व्यहोराको मिति २०८०।०७।११ गते जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित सोलुखुम्बु जिल्ला अदालतको मिति २०८०।०८।२९ गतेको आदेशले निज प्रतिवादी बसन्त राई पूर्पक्षको लागि कारागार चलान भएको ।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८०।०७।२७ गतेको बिहान अं.९:०० बजेको समयमा जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं.५ डिल्लिपुर बस्ने बर्ष अं.५० की सन्तमाया प्रजालाई निजको श्रीमान डिल बहादुर चेपाङको जेठी श्रीमती तर्फको छोरा (सौतेनी छोरा) ईन्द्र बहादुर चेपाङले कुटपिट गर्दा टाउको तथा शरीरको बिभिन्न भागहरुमा चोट लागि घाईते भई अचेत अवस्थामा स्थानीय मानिसहरुले उपचारको लागि स्थानीय अस्पताल मनहरीमा लगी थप उपचारको लागि भरतपुर अस्पताल, चितवनमा लगी उपचार गराएकोमा उपचारको क्रममा मिति २०८०।०८।०५ गते अं.००:४० बजेको समयमा मृत्यु भएको घटनामा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित मकवानपुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०८।२६ गतेको आदेशले निज प्रतिवादी ईन्द्र बहादुर चेपाङ पूर्पक्षको लागि थुनामा गएको ।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

पीडित नाबालिका बर्ष १७ की परिवर्तित नामथर संकेत नं.६६ (गुलरिया ञ) लाई अन्यायी जिल्ला बर्दिया बढैयाताल गाउँपालिका वडा नं.९ बस्ने बर्ष २५ को नर बहादुर चौधरीले ललाई फकाई मायाजालमा पारी २०७७ साल देखि पटक- पटक गरी मिति २०८०।०६।२९ गतेका दिन दिउँसो अं.१२:०० बजेको समयमा जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं.६ राधाकृष्ण चोक स्थित रहेको रुपु होटल कोठामा लगि अन्तिम पटक जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीलाई पक्राउ गरी कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नामथर संकेत नं.६६ (गुलरिया ञ१) को मिति २०८०।०७।०९ गते जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भएकोमा अनुसन्धान पश्चात मिति २०८०।०८।०६ गतेको सम्मानित बर्दिया जिल्ला अदालतको आदेशले प्रतिवादी नर बहादुर चौधरी पूर्पक्षको लागि कारागार चलान भएको ।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८०।०६।२८ गते जिल्ला रुकुम पश्चिम मुसिकोट नगरपालिका वडा नं.१ खलंगा माथिल्लो बजार स्थित रहेको होटेल सत्कारको कोठामा मेरी बुहारी बर्ष २८ की भावना वि.क. लाई प्रतिवादी जिल्ला रुकुम पश्चिम सानीभेरी गाउँपालिका वडा नं.९ सिम्ली बस्ने बर्ष ३३ को लोकेन्द्र बि.क. भन्ने लोक बहादुर बि.क.ले धारिलो हतियार चक्कुले घाँटी रेटी हत्या गरी साथमा भएको नगद समेत चोरी गरी लिई सो कोठाको ढोकामा बाहिरबाट ताला लगाई भागी फरार भएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको उजेली कामीले मिति २०८०।०७।०१ गते किटानी जाहेरी दरखास्त पेश गरेकोमा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित रुकुम पश्चिम जिल्ला अदालतको आदेशले निज प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको ।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मेरो छोरी परिवर्तित नाम ७० सिलगढी (१) क मकै पिस्न भनी मिति २०८०।०८।०१ गते बिहान १० बजेको समयमा जिल्ला डोटी बडीकेदार गाउँपालिका वडा नम्बर ३ चायाकोट चौरखोला स्थित पानी घट्टमा मकै पिस्न भनी गएकोमा मकै घट्टमा पिसिन लागे पछी बाहिर घाम ताप्नका लागी घट्टसंगै जोडिएको ढुंगामा बसी रहेको अवस्थामा जिल्ला डोटी बडीकेदार गाउपालिका वडा नम्बर २ शीर्षी बस्ने बर्ष १८ को गोपाल साउद, ऐ.ऐ.बर्ष १९ को करन साउद र ऐ.ऐ.बस्ने बर्ष २६ को प्रेम धामी समेतले मेरो छोरीको जबरजस्ती हात र खुट्टा बाँधी मुख थुनी पालै पालो जबरजस्ती करणी गरेको र कोही कसैलाई भनेमा मारी दिन्छौ भनी धम्की दिएकोले यसरी सामुहिक रुपमा मेरो छोरीलाई करणी गर्ने अन्यायीहरुलाई पक्राउ गरी कानून बमोजिम कारबाही पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ७० सिलगढी (१) ख को मिति २०८०।०८।०४ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित डोटी जिल्ला अदालतको मिति२०८०।०८।२२ गतेको आदेशले निज प्रतिवादी करन साउद र प्रेम धामी पूर्पक्षको लागि कारागार र प्रतिवादी गोपाल साउद नाबालक भएको हुँदा बाल सुधार गृह पठाईएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०७।२७ गते साँझ देखि आफ्नो छोरा वर्ष ३ को मुस्कान बुढा मगर सहित हराई रहेकी जिल्ला प्यूठान नौबहिनी गा.पा. ३ काईया बस्ने वर्ष २२ की रिमा बुढा मगरको मिति २०८०।०८।०१ गते दिउँसो अं.१४:१० बजेको समयमा आफ्नो घर नजिकै तल रहेको भिरमा मृत अवस्थामा फेला परेकी र थप पुनः खोजी कार्य गर्दा मिति २०८०।०८।०२ गते रिमा बुढा मगरको शव भेटिएको स्थान देखि अं. ३५ मिटर तल भिर खोल्सामा वर्ष ३ को मुस्कान बुढा मगरको मृत शव फेला परेको र घटना प्रकृति हेर्दा रिमा बुढा मगर र मुस्कान बुढा मगरलाई कमल भन्ने रिदम भन्ने कुलविर बुढा मगरले कर्तव्य गरी मारी फालेको देखिएकोले निज कमल भन्ने रिदम बुढा मगरलाई कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०८।०४ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित प्यूठान जिल्ला अदालतको मिति २०८०।०८।२५ गतेको आदेशले निज प्रतिवादीलाई पूर्पक्षको लागि कारागार थुनामा राख्ने आदेश भएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०७।१० गते बिहान अ.१०:०० बजेको समयमा जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका वडा नं.०६ मुन्दु गाउँ स्थित श्रीदेवी बोहोरा, निजको नाबालक छोराहरु मनोज बोहोरा, रहर बोहोरा र नाबालिका छोरी अप्सरा बोहोरा समेत ४ जनालाई आफ्नै घरमा धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको अवस्थामा मृतक लासहरु फेला परेकोले कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मृतक श्रीदेवी बोहोराको श्रीमान दिपक बोहोराले मिति २०८०।०७।१२ गते जाहेरी दरखास्त दिएकोमा उक्त घटना सम्बन्धमा अनुसन्धानपश्चात प्रतिवादीहरु जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका वडा नं.०६ कोटिला बस्ने बर्ष ३० को गोपाल बोहोरा र जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका वडा नं. ०७ पिना बस्ने बर्ष ३० को गोर्खराज शाहीलाई सम्मानित मुगु जिल्ला अदालतको आदेशले पूर्पक्षको लागि कारागार थुनामा पठाईएको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np